**Patan Pragya** *(Volume: 6, Number: 1 2020)*

Received Date: Jan. 2020 Revised: April 2020 Accepted: June 2020

# ऐतिहासिक भौतिकवादको कसीमा प्रेतकल्प

न्यौपाने श्रीराम


## सारतत्त्व

*यस लेखमा ऐतिहासिक भौतिकवाद के हो; यसले साहित्यलाई कसरी हेर्छ र साहित्यभित्रको अन्तर्वस्तु र रूपको अन्तर्सम्बन्धबारे केकस्तो मान्यता राख्छ भन्ने सैद्धान्तिक पक्षलाई सङ्क्षिप्त रूपमा चिनाइएको छ । प्रकृति, समाज र चिन्तनको समग्र द्वन्द्वात्मक विकासको वैज्ञानिक खोज ऐतिहासिक भौतिकवाद हो भने साहित्यले वर्ग, द्वन्द्व, चेतना र क्रान्तिको मार्गदर्शन गर्दै समाज रूपान्तरणलाई मूल धेय बनाउँछ । त्यसै गरी वस्तु तथा सङ्घटनालाई निर्माण गर्ने तत्त्व तथा प्रक्रियालाई अन्तर्वस्तु र त्यसको प्रस्तुति, तरिका, शैली तथा संरचना रूप हो । यसका आधारमा साहित्यका विभिन्न विधामा रचित सृजनाहरूको विश्लेषण गर्न सकिन्छ । नारायण ढकालले प्रेतकल्पउपन्यास ऐतिहासिक भौतिकवादी चिन्तनलाई आधार बनाई रचना गरेका छन् । यस रचनामापूर्वी काठमाडौँको दुःखपुरमा काशीबाट शास्त्री पढेर फर्किएको आर्यसमाजी विचारबाट प्रभावित बालकृष्ण पात्रले फैलाएको विचार, तर्क र व्यवहारबाट स्थापित पुरातन मान्यता भत्कदै क्रमशः नवीन मूल्यको स्थापना हुन थालेको तथ्यलाई द्वन्द्वात्मक रूपमा चिनाइएको छ । समाज परिवर्तनको गति चिनाउन यो उपन्यास सफल देखिएको छ । यस लेखमाउक्त रचनामा अन्तर्निहित तत्कालीन शासक वर्गविरुद्ध शोषित निम्न वर्गमा पलाएको शूक्ष्म जागरणका झिल्का र अन्तर्विरोधका स्वरहरूलाई ऐतिहासिक भौतिकवादी कोणबाट चिनाउन खोजिएको छ ।*


## ऐतिहासिक भौतिकवादका सम्बन्धमा

मानवजीवन सामाजिक उत्पादन सम्बन्धहरूसँग बाँधिएको हुन्छ । यसैबाट सामाजिक, राजनीतिक तथा बौद्धिक प्रक्रियाहरू सञ्चालित हुन्छन् । विकासको निश्चित चरणमा पुग्दा ती भौतिक उत्पादनशक्ति उत्पादन सम्बन्धहरूसँग बाझिन्छन् । यसैबाट क्रान्ति वा परिवर्तनको नयाँ युग प्रारम्भ हुन्छ । यस मान्यताको दार्शनिक आधार प्रस्तुत गर्दै कार्ल मार्क्सले सामाजिक अस्तित्व र चेतनाको रूपान्तरणका सम्बन्धमा ऐतिहासिक भौतिकवादी धारणा प्रस्तुत गरेका हुन् । वस्तुवाट जीवको उत्पत्ति भएको र तिनको सम्बन्ध सामाजिक उत्पादनसँग रहँदै अनि जीवनद्वारा चेतनाको निर्धारण हुँदै युगपरिवर्तनहरू भएको तथ्य यसमा समेटिएको छ ।

प्रकृति, समाज र चिन्तनको विकाससम्बन्धी ऐतिहासिक प्रक्रिया र त्यससँग जोडिएका विशिष्ट नियमहरूको विश्लेषण ऐतिहासिक भौतिकवादमा गरिएको छ । यसले द्वन्द्वात्मक पद्धतिको सारतत्वलाई समेटेको छ । उत्पादन सम्बन्ध र प्रक्रियासँग जोडिएका वर्ग, श्रम र पुँजी अनि तीबीचको अन्तर्सङ्घर्षको वैज्ञानिक निरूपण यसका मुख्य कार्यक्षेत्र हुन् ।

## साहित्यमा अन्तर्वस्तु र रूपको सम्बन्ध

प्रकृति तथा समाजमा देखिएका विविध घटना एवम् सङ्घटना, पात्र, परिवेश तथा अन्तर्द्वन्द्वको एकीकृत प्रस्तुतिबाट निर्मित व्यवस्थित वस्तु अन्तर्वस्तु हो । यसलाई साहित्यमा महत्त्वपूर्ण तत्त्व वा चालक शक्ति मानिएको छ । प्रकृति र समाजको कुनै पनि तत्त्व, परिघटना वा प्रक्रियाका आफ्ना खास विशेषता तथा गुणहरू नै त्यसका अन्तर्वस्तु हुन् (चापागाइँ : २०६७/ २५८) । रूप वाहिरी आवरणमात्र भए पनि यसले

अन्तर्वस्तुको विकासको गतिलाई प्रभावित तुल्याउँछ । अन्तर्वस्तुले सामाजिक यथार्थको प्रतिलिपिबाट पृथक रही समग्र यथार्थको प्रतिबिम्बन गर्दछ । यसरी साहित्यमा अन्तर्वस्तु र रूपको अभेदता वा सहसम्बन्धको चर्चा गरिएको पाइन्छ ।

## विषयप्रवेश

आधुनिक नेपाली उपन्यासको विकासमा २०३० पछि स्थापति परम्परित मूल्यको विस्थापन एवम् रूपान्तरणतर्फको क्रियाशीलता देखा पर्दछ । प्रविधिको चमत्कार, सांस्कृतिक अन्तर्मिश्रण, चेतनाको उत्थान, नवउपनिवेशका परिवर्तित रूप र अर्थराजनीतिका शीतयुद्धबाट प्रक्षेपित विश्वसंरचनाले नेपाली उपन्यासलाई पनि धेरथोर प्रभाव पार्न थाल्यो । आन्तरिक असहिष्णु राजनीति र विश्व नवउपनिवेशवादी परिवेशबाट उत्पन्न औपन्यासिक प्रतिक्रियालाई समसामयिक उत्तरवर्ती चरणका रूपमा विन्यास गर्नुपर्ने हुन्छ ।

विश्व सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक गतिविधिमा उदित नवप्रवृत्तिको कसीमामानव जीवनको प्रस्तुति दिनु उत्तरवर्ती अभिलक्षण हो । यसमा विवस्तुता, विमिथकीकरण, विनिर्माण, विमूल्यता, अभिघात तथा भञ्जनका नवप्रयोगले परिचितको अपरिचयीकरण र अपरिचितको परिचयीकरण अनि विषयवस्तुको बहुलताको प्रतिपादनमा विचलनका कार्य भएका छन् (सुवेदी, २०६९/१८) । यसप्रभावमा गैरमार्क्सवादीमात्र होइन मार्क्सवादी उपन्यासलेखन पनि नयाँ, प्रयोगशील एवम् विशिष्ट स्वरूपमा स्थानान्तरित हुन पुग्यो ।

पुँजीवादका कारण वर्गीय सामाजिक संरचनाको विश्लेषणमा मार्क्सवादी गैरमार्क्सवादी दुवै धार देखिन थाले तर भौतिकवाद र वर्गपक्षधरतालाई बचाई अन्तर्वस्तु र रूपको संयोजन गर्न भने केही नेपाली उपन्यासमात्र सफल भए ।समाजवादी यथार्थवादी विचारधाराका उत्कृष्ट नेपाली उपन्यासको सर्वथा अभाव रहे पनि प्रयत्न नै नभएको भने छैन(प्रधान, २०५२/१५६) । अर्थात् द्वन्द्वात्मकता र भौतिकवादलाई अँगालेर ह्रासोन्मुख संस्कृतिको पतन र सीमान्तकृतको उत्थानको मार्गदर्शन गर्ने उपन्यासको अभाव भने हट्दै गएकोदेखिन्छ । यसमा डी.पी. अधिकारी, हृदय चन्द्रसिंह प्रधान, पारिजात, तारानाथ शर्मा, ध्रुवचन्द्र गौतम, खगेन्द्र संग्रौला, आहुति, नारायण ढकाल आदिका उपन्यासले यस प्रवृत्तिलाई चिनाउने प्रचेष्टा गरेका छन् ।

## ढकालको औपन्यासिकता

नेपाली समाज र राजनीतिको धरातलीय यथार्यको द्वन्द्वात्मक भौतिकवादी विश्लेषण गर्दै नारायण ढकाल *पीतसंवाद* (२०५५) उपन्यास लिएर देखा पर्दछन् । यसमा नेपाली कम्युनिस्ट आन्दोलनमा हुर्केको पलायनवादी-अवसरवादी प्रवृत्तिले बौद्धिक चेतना पन्छिन बाध्य भएको यथार्थ आलोचना देख्न सकिन्छ (बराल र एटम, २०५६/११८) । यसले समर्पित र क्षमतावान युवाले न्याय नपाउनु र गणेशप्रवृत्तिको उदय हुनु पक्कै पनि पार्टी उत्थानमा तगारो हो साथै राजनीतिक मूल्यको विघटन पनि हो भन्ने निष्कर्ष निकालेको छ ।

उनको अर्को उपन्यास *दुर्भिक्ष* (२०६१) ले पञ्चायतकालीन आतङ्कको सिकार भएका निम्नवर्गीय नेपालीका विवशता र त्यसका विरुद्ध भुसको आगोझैँ सल्किएको विद्रोहको रापलाई अन्तर्वस्तु बनाएको छ । यसमा भौतिक युद्ध, अर्थ, संस्कृति, राजनीति, प्रशासन, प्रविधि जस्ता भयबाट त्रस्त मानव जीवनको विश्लेषण गर्ने अभिघात सिद्धान्तको उपयोग भएको छ (सुवेदी, २०६९/१७) । यसरी जीवनलाई प्रभाव पार्ने तत्त्वहरूमा भौतिकवादी द्वन्द्वको प्रभाव र मूल्यविघटनलाई नै यसमा उठाइएको देखिन्छ ।

यसपछि लेखिएको *प्रेतकल्प* (२०६५) उपन्यासमार्फत् उनले वर्तमानको आँखाबाट एक दशकअघिको नेपाली सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक परिवेशको अवलोकन गराएका छन् । यसमा दयानन्द सरस्वतीको *सत्यार्थ प्रकाश*पुस्तकले त्यतिबेला ल्याएको तरङ्ग र जनतामा आएको जागृतिको लहरलाई ऐतिहासिक भौतिकवादी दृष्टिमा विश्लेषण गरिएको छ । यो स्थापित विषयको विचलन अर्थात् विवस्तूकरण, इतिहास र संस्कृतिको कलमी अर्थात् विमिथकीकरण, स्थापित मूल्यप्रतिको उदासीनता र नव मूल्य स्थापनाको प्रयत्न तथा भयजनित अभिघातको प्रयोगका दृष्टिले चर्चायोग्य छ (सुवेदी, २०६९/१४-१७) । *प्रेतकल्प*को अन्तर्वस्तु

यस उपन्यासमा आजभन्दा एक शताब्दी पहिलेको प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक परिघटनाहरू अन्तर्वस्तुका रूपमा समेटिएका छन् । पण्डित बालकृष्ण आचार्य शास्त्री सार्कीको सङ्गत गरेको अनि गाथगादी ताकेको अभियोगमासदर जेलमा राखिएको र उसलाई सजायस्वरूप चारभङ्ज्याङ कटाउन राणा प्रशासनले सुब्बा अर्जमर्दन बस्नेत, डिठ्ठा हरिबहादुर बुढाथोकी र सिपाहीहरूलाई आदेश दिएको सन्दर्भबाट प्रस्तुत उपन्यासको अन्तर्वस्तु सुरु हुन्छ । डिठ्ठाको यस संवादबाट तत्कालीन सामन्ती समाज, शासकस्तुति र दासत्व मनोवृत्ति अनि असङ्गठित जीवन उपन्यासमा प्रतिबिम्बित भएको छ :

*"भाग्गेमा लेखेर मात्र काँ हुन्छ र मुर्दार ? राजा भनेका भगवानका दूत हुन् । पिरिथिवीका रैतीमाथि न्यानिसाप दिन पठाएका ।"* (पृ.२)

यो निम्न वर्गलाई होच्याउने, हेप्ने र नियन्त्रणका लागि तत्कालीन शासक वर्गले प्रयोग गर्ने शब्द, स्वर र हाउभाउको एक नमुना हो । कैदीहरूलाई नियन्त्रण गर्न पटके चोर राजाराम पाँडेलाई भाइनाइके बनाइएको र दमनको अर्को स्वरूपलाई पटाक्षेप गर्दै समूहबाट हटाएर सैँतीस दिनसम्म बालकृष्णलाई उसैसँग त्रासमा प्रहरी हिरासत थुनिएको छ । खुँखार कैदीको हल्ला फिँजिए पनि बालकृष्णको न्यायिक, वैचारिक एवम् आत्मिक व्यवहारबाट जेलभित्र सकारात्मक सन्देशप्रवाह हुन्छ । शासक विचारले तर्सिन्छ भने शोषितपीडितहरू विचारले दीक्षित हुँदै जान्छन् । अन्तर्वस्तुभित्रको यस परिवर्तनको गतिलाई यहाँ द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ ।

राणाकालीन जेल जीवन अत्यन्त क्रूर, अमानवीय एवम् उत्पीडनकारी थियो । निर्दोष माधवराज जोशीहरू निरङ्कुशताको सिकार भइसकेका थिए । जेलमा नेपाली समाजको उत्पीडनको विविध परिवेश भेटिन्थ्यो । प्रशासन जेलभित्र भय सृजना गर्थ्यो । कैदीहरू आदेशको अवज्ञा वा विद्रोह गर्दैनथे । तर बालकृष्णको आगमन र बहिर्गमनका बीच उनीहरूमा एक अदृश्य, अव्यक्त एवम् शूक्ष्म भावनात्मक परिवर्तन आयो । उसलाई देशनिकाला गर्न लागिएको क्षणमा जेलमा मौनता र शून्यता छायो । यस्तो अनुभूति हुनु परिवर्तनशीलता र गतिशीलताको सङ्केत हो । पटके कैदी राजारामको यस्तो अव्यक्त अभिव्यक्तिमा परिवर्तन नै सृष्टिचक्रको शाश्वत नियम हो भन्ने तथ्य भेट्न सकिन्छ :

*"पण्डित, तपाईंको चेतना अभिव्यक्तिमा यस्तो अन्यायलाई हटाउने ठाउँ छ भन्ने मैले देखेँ ।"* (पृ.९)

उपन्यासमा पूर्वद्वीप्ति वस्तुविन्यास शैली अपनाउँदै बालकृष्णको बाल्यावस्था, वनारस प्रस्थान र आगामनका सन्दर्भहरू जोडिन पुग्छन् । तेह्रवर्षमै मामासँग काशी पुगेर पाँच वर्षमा शास्त्री पढी पण्डित बनेर फर्किएको उसको आगमनले परिवारमा आमा, बाबु र बहिनी प्रफुल्ल छन् । संस्कृताचार्य बाबु रामकृष्ण शासकीय आतङ्कबाट विचलित भई हरिद्वारबाट आएका किराँतेश्वरकागँजडी साधुलाई भेट्न जाने गरेको,

एघार वर्षे बहिनीको बालविवाहको हल्ला चलेको अनि गाउँकै जिम्मावाल विष्णुभक्तले दलितप्रति क्रूर व्यवहार देखाई सन्त्रास फैलाएको गाउँको परिवेशले ऊभित्रको चेतनतन्तु गतिशील तुल्याइदिन्छ । बदलिँदो समयबोध गराउँदै ऊ धनवीरे चमारलाई मालपोत र कुत पछि तिर्ने शर्तमा क्षमादान दिलाउन सफल हुन्छ । यतिबेला सामन्तवादी विद्रुप सामाजिक सम्बन्धको बोध भएको छ ।

बालकृष्णप्रति सशङ्कित जिम्मावाल भित्रभित्र छटपटिएको छ । सत्यार्थ प्रकाश पुस्तक दिँदै बालकृष्णले जिम्मावालपुत्र रामभक्त लगायतलाई बदलिँदो युगबोध गराउन थाल्छ । दुःखपुरको उत्पत्तिसँग जोडिएका गरुडपुराण, जङ्गबहादुर, स्वयम्भूपुराण आदि फरक पौराणिक तथा धार्मिक प्रसङ्गहरूस्पष्ट हुँदै जान्छन् । त्यहाँको प्राकृतिक, सामाजिक तथा सांस्कृतिक जीवनको तथ्यपरक चिनारी प्रकाशमय हुन्छ । रामकृष्णले धनवीरेलाई मातृशक्तिको आद्यरूप र सर्वोच्च शक्तिको महिमा सुनाउँछ । यस अन्तर्वस्तुले दुःखपुरको सामाजिक तथा आर्थिक संरचनालाई तथ्यपरक ढङ्गले विश्लेषण गरेको छ । डाँडामा तामाङ, केही तल भुजेल, समथरमा ब्राह्मण, त्यसमुनि खड्का, पुछारमा सार्की, कामी, दमाईं र नेवार बस्ती रहेको दुःखपुरको मुख्य पेसा कृषि र व्यापार थियो । मनोहरा न्याउरीले खेदेको सर्पझैँ मनलाग्दी बग्थ्यो । काठमाडौँमा उच्च वर्गले पढ्ने दरबार हाइस्कुलबाहेक त्यस गाउँवरपर कुनै पाठशाला थिएन । बाहिरबाट पढेर आएका पण्डितहरू घरमै सशुल्क र निःशुल्क शिक्षा दिन्थे । बालकृष्ण समाजका जागरुक, न्यायप्रेमी एवम् अध्ययनशील युवालाई पढाएर विद्यमान धार्मिक कुसंस्कारविरुद्ध सामाजिक सुधार गर्न थाल्छ । राणाशासकले सरस्वतीको पुस्तकमाथि प्रतिबन्ध लगाएको र मानिसहरू सुधारका कुरा गर्न डराएको सन्दर्भलाई जोडेर अन्तर्वस्तुले पदार्थहरूमा रहेको निरन्तर गति, परिवर्तनशीलता र अन्तर्विरोधलाई स्पष्ट पारेको छ ।

तत्कालीन सत्ताधारी चन्द्रशमशेर र मतियार पण्डितहरू समाजलाई अविकसित एवम् अप्राकृतिक रूपमै सीमित राख्न चाहन्थे । त्यसैले माधवराज जस्ता व्यक्ति आर्य समाज नामक संस्था खोल्दा चाकरीबाज पण्डितहरूको चुक्लीका कारण जेल जानुपरेको अनि छोरा शुक्रराज दरबार स्कुलबाट निकालिनुपरेको छ । निरङ्कुश क्रियाले जागरणको प्रतिक्रिया जन्माइसकेको बुझेर पनि चुप रहन बाध्य बाबुले बालकृष्णलाई सम्झाएको यस सन्दर्भबाट समाजमा जागरणको गति अघि बढिसकेको तथ्य स्पष्ट हुन्छ :

*"हाम्रो दरबारका पण्डितहरू आफ्नो विवेकमा काम गर्न सक्दैनन् । उनीहरू सत्ता र शक्तिका निम्ति काम गर्छन् । तेसैले उनीहरू दयानन्द र माधवराजहरूलाई वेदनिन्दक भनेर राजाको कान भरेका छन् । यस्तो शास्त्रले राज्यका विप्लवीहरूलाई टेवा पुग्छ भन्ने ठहर छ उनीहरूको । जुन राज्यको आधारशिला धर्मशास्त्र र पुराण छ अब तेसैलाई उल्टाउन खोजेपछि प्रतिक्रिया हुन्न ?"* (पृ.३३)

पौराणिकता विवेक र मानवताका विरुद्ध छ त्यसैले वैदिक मान्यता फेरेर अनि वैदिक व्याकरणकै कसीमा घोटेर वर्तमान सामाजिक पद्धतिलाई सुधार्नुपर्छ भन्ने दयानन्दको विचारले भारतवर्षलाई व्युँझाउन थालेको हुन्छ । अर्का परम्परावादीहरू मध्ययुगीन बर्बरता देखाउँदै परिवर्तनको स्वरलाई द्रोह ठान्छन् । यी वाद र विवादबीच सङ्घर्ष सुरु भई पूरै हिन्दूस्थानमा नवीन युगको हलचल आउँछ । बालकृष्णका ज्योतिषाचार्य बाबु शासकीय र पारिवारिक मायाका त्रासका कारण विद्रोहलाई गाँजाको नसामा भुलाउन बाध्य छ । ऊ शासक स्तुतिबाट दौलत नजोड्ने तर सामाजिक प्रतिष्ठा जोगाई सजिलो जीवन बिताउन खोज्छ । दुवै बाबुछोरा एकअर्कालाई सम्झाउन र बदल्न चाहन्छन् । सत्य चिन्नु अनि नडराउनु भन्ने शास्त्रीय मान्यता बुझेकी आमा मन्दोदरी पति र छोरालाई निडर बन्न ढाडस दिन्छे । उता जिम्मावालपुत्र रामभक्त र गाउँका युवाहरू सत्यार्थ प्रकाशबाट दीक्षित हुन थाल्छन् । यस क्रियाले शासकलाई सशङ्कित तुल्याउँछ । यसको

गतिविधिबुझ्न सिपाहीमार्फत् जिम्मावाललाई झिकाइन्छ । विषयलाई फैलन नदिने जिम्मा लिई फर्किएको जिम्मावालविस्तारै सामाजिक परिवर्तनको गतिलाई बुझ्न थाल्छ ।

बालकृष्णलाई आमाले साथ दिएको सन्दर्भले पुरुषवादी समाजका नारीहरूमा नवचेतनाले प्रवेश पाएको द्वन्द्वात्मक पृष्ठभूमिलाई तर्कपूर्ण ढङ्गले हेर्न सकिन्छ । जोगीको कागतको खोस्टोमा डराउने शासक, सत्य बुझेर पनि डराई कुलतमा फस्दै गरेको लोग्ने तथा नारी र दलितलाई इज्जत गर्ने अनि शिक्षा दिई कुसंस्कारलाई हटाउन खोज्ने पुत्रका क्रियाले मन्दोदरीमा आएको निडरता र सत्यताको जागरण अस्वाभाविक थिएन । सबैजात, लिङ्ग, उमेर र वर्गका मानिसमा यस पुस्तकले ल्याएको हलचलले सृष्टिचक्रमा आएको परिवर्तनकारी शाश्वत नियमलाई नै प्रतिबिम्बित गरेको छ ।

दुःखपुरमा बालकृष्णको नेतृत्व र जिम्मावालको स्वीकृतिमा पाठशाला खुलेको, छात्रछात्राहरू आएका, दलितलाई समावेश गर्दा पुनः घटेका अनि शासकको धम्कीपछि सदाका लागि बन्दभएको प्रसङ्गले सामाजिक परिवर्तनको निरन्तर प्रक्रियालाई नै चिनाएको छ । बालकृष्ण हतास, विचलित, पलायन वा निराश नबनी पुराण वा सत्सङ्घमार्फत् आफ्ना विचार राख्दै समाजमै बस्ने निष्कर्षमा पुगेको छ । यो प्रतिकूलतामा दबिने र अनुकूलतामा सशक्त बन्ने सङ्घर्षशीलचरण नै हो ।

दुःखपुरमा भूतप्रेतसम्बन्धी चलेका हल्ला, टीकाटिप्पणी र भ्रमलाई पनि उपन्यासको अन्तर्वस्तुभित्र समेटिएको छ । गाउँका ठालु, सामन्त र जिम्मावालहरू रातमा घरबाहिर अप्राकृतिक यौन लिला गर्ने र सोझा जनतामा भूतप्रेतको सन्त्रास फैलिन जाने गरेको छ । आफ्ना कुकर्म र व्यभिचारलाई ढाकछोप पार्न यो उत्तम उपाय देखिन्छ । गाउँमा विधवा र सार्कीको एकै रातको गृहत्याग रहस्यमय बन्छ । ठालुका कुकर्म देखेको धनवीरे गिँडिएको घटनामा समाजलेसत्यताबोध गर्छ तर प्रतिवाद नगरीमौन रहन्छ । समाजमा यी घटनाले चेतनाको दीप जलाइरहेको र नदेखिने क्रियाबाट परिवर्तनलाई डाकिरहेकोहुन्छ।

चन्द्रशमशेरले शास्त्रार्थका लागि गरेको निमन्त्रणा स्वीकार गरी बालकृष्णले दरबारलाई नरक र चाकरीबाजलाई फोहोरी किराको संज्ञा दिएको छ । उसले प्राणीको सेवालाई मानव दायित्व, भक्ति र लिलालाई मानव ढोँग, शाश्वत मानवीय गुण र दया निःसृत हुने चराचरको महानायक परमब्रह्मलाई सर्वव्यापक परमेश्वर अनि ईश्वर कृपाभन्दा सत्कर्म नै मानवमुक्तिको मार्ग हो भन्ने आध्यात्मिक सुधारवादी मान्यता प्रस्तुत गर्दा महाराज प्रभावित भई आफ्नो सल्लाहकार बन्न आग्रह गर्छ । त्यतिबेला शक्तिशाली शासक वर्ग सुधारवादी विचारबाट प्रभावित भई तारिफमा ओर्लनु असामान्य अवस्था होइन किनकि विरोधी विचारलाई कमजोर बनाउन सम्झौता र प्रलोभनको हतियार चलाइन्छ । यस्तो शासकको मनोविज्ञानमा आएको परिवर्तन विपरीत विचारबीच देखिएको द्वन्द्वकै परिणाम हो ।

श्री ५ त्रिभुवनको राज्याभिषेक समारोह ठूलो उपस्थितिमा सम्पन्न भएको र विदेशी कलाकार, जादूगर, पाहुना आदिले टुँडिखेलको झिलिमिली र सौन्दर्य बढेको दृश्यावलोकन गरी फर्कदा आफन्त गुमाएर गुहार मारिहेको सार्की पुत्रको उद्दार अनि बालकृष्णले उक्त बालकलाई संरक्षण दिएर दीक्षित तुल्याउन खोजेको सन्दर्भ अन्तर्वस्तुमा समेटिन्छ ।एउटा हेपिएको असहाय र अबोधलाई दीक्षित तुल्याउन र मानवताको स्थापना गर्न खोज्ने उसको प्रयास पछौटे समाजले बुझेर पनि आत्मसाथ गर्न सक्दैन । दलितलाई शास्त्रभित्रका उन्नत विचार घुसाउने काम त्यतिबेला धर्मविरोधी मानिन्थ्यो । यसैले उसको यो कामकोविरोध हुन्छ । परिवारले अनेकौँ अपशब्द र अपमान सहनुपर्छ । ऊ समाजले आफूलाई बुझ्न नसकेकोमा दुःखी हुँदै भन्छ :

*"गाउँको गरिमालाई अवमूल्यन गर्ने मेरो नियत हुँदै होइन, मैले विराट मानवता स्थापनाको निम्ति एउटा सानो पाइलो चालेको हुँ ।म हनुमानेलाई अश्विनीमा रूपान्तरण गराउन चाहन्छु । म उसको आत्मिक कायाकल्प गराउन चाहन्छु । म उसलाई वेद, उपनिषद् र पुराणका प्रगतिशील तत्त्वको नजिक लैजान चाहन्छु । म उसको आवाजहीनतालाई हस्तक्षेप गर्न चाहन्छु । मेरो इच्छा छ उसले आफूभित्रको उज्यालो चिनोस् ।"* ( पृ.८५)

यसले सामाजिक रूपान्तरणको दिशाबोध गरेको छ । जातीय र वर्गीय विभेदको अवरोध हटाउन चेतनाको झिल्कोमात्र छर्न सक्नुपर्छ त्यो फैलिएर कुनै दिन समाज बदल्न सफल बन्दछ । पुरानो रूप नष्ट भई नयाँ स्वरूप निर्माण गर्ने प्रक्रिया निरन्तर चलिरहन्छ । समाज उक्त आलोचनालाई मत्थर पार्न थाल्छ ।

बालकृष्णको आगमनपश्चात् दुःखपुरको सामाजिक मूल्यबोध र व्यवहारमा केही परिवर्तन आउन थालिसकेको छ । बालविधवा दमयन्तीलाई घृणा, लाञ्छना अनि अपमान गर्नुहुन्न भन्ने मर्यादाबोध गराउँदै उसले आवाजविहीनहरूको पक्ष लिँदै आएको छ । महाराजहरू दुःखपुरमा पानीहाँसको सिकार खेल्न आएका र विदेशी रक्सीमा रमाएका हुन्छन् । उक्त दुईदिनको खर्च दुःखपुरले मालपोतसँगै थपेर तिर्नुपर्ने आदेशको अवज्ञा गर्दै समाजलाई ब्युँझाउन ऊ क्रियाशील रहन्छ । समाज मौन अवश्य छ, विद्रोहको आत्मबल छैन तर भित्र असन्तोष र आक्रोशले मानवआत्मा भतभत पोलेको देखिन्छ । यसले कुनैदिन ठूलो विद्रोह वा परिवर्तनको लहर सृजना गर्न सक्छ । उपन्यासमा पनियस्तै शोषण, अत्याचार अनि अधर्म-असत्यका विरुद्ध गुम्सिएको भावना छिटफुट रूपमा विद्रोही बन्दै गएको वर्गद्वन्द्वको रूप देख्न सकिन्छ ।

पुराणवाचक बालकृष्णको वक्तृता, तार्किकता र बौद्धिकताको उचाइ बढ्छ । अहिल्या, द्रौपदी, तारा, कुन्ती र मन्दोदरी नारीहरू बहुविवाहिता अनि बहुपतिधर्ता रहेको तर्क झिकी ऊ समाजमा विधवा र बेश्याविवाह सम्बन्धी विषयलाई स्थापित गर्न खोज्छ । विधवा दमयन्तीका निर्दोष, लजालु अनि शालीन आँखाले उसमा थप जोश र प्रेमभाव जागृत हुन्छ । ऊ अश्विनीलाई  अनुष्ठान प्रवेश अनि शास्त्र अध्ययनको अवसर प्रदान गरी समस्त दलित वर्गलाई मानवताको अनुभूति गराउँदै जान्छ । सबै प्राणीको आत्मामा ईश्वर रहन्छन् भन्ने वैदिक विचारलाई प्रवचनमा जोड्दै ऊ विभेदकारी पौराणिक तर्कहरूको खण्डन गर्छ । यसले समाजमा भित्रभित्रै चेतनाको भूकम्प ल्याउँछ । यसरी उपन्यासमा बालकृष्ण प्रवचनमार्फत् समाजका रूढिग्रस्त परम्परा र चिन्तनमाथि गरेको प्रहारबाट मात्रात्मकबाट गुणात्मक परिवर्तनको बाटो समातेको छ ।

नौ वर्षमै कप्तान दीर्घ नरसिंहकहाँ नोकर्नी बन्न पुगेकी सुभद्रातेस्रो वर्षमा मालिकबाट बलात्कृत भई मालिक्नीबाट गलहत्याइएर मामाघरमा पालिने क्रममा लक्ष्मीनारायणसँगै भागेको,पुत्रलाभको एकवर्ष नपुग्दै विधवा बनेको अनि पुत्रलाई मुस्किलले हुर्काउँदै गर्दा हैजाले बुहारी दमयन्तीलाई विधवा बनाउँदै छोरालाई पनि लगेको मार्मिक जीवनसन्दर्भ पनि यसको अन्तर्वस्तुले सकेटेको छ ।यो थाहा हुँदा बालकृष्ण उक्त परिवारप्रति थप दयासिक्त हुँदै जान्छ । गाउँमा शक्तिशाली बन्न खोज्ने दुष्ट शङ्खधरले उसको तीब्र आलोचना गर्दै राजद्रोही र समाज भडुवाको आरोप लगाउँछ । युरोप, चीन र विश्वमा भएका युद्धका उथलपुथल, राणा अन्तरकलह, प्रवासी जागरुक युवाका टीकाटिप्पणी अनि जनजागरणबाट तत्कालीन राणाशासन सशङ्कित हुन्छ । यस परिस्थितिले मात्रामा आएको अन्तरले गुणमा परिवर्तन ल्याउँछ भन्ने द्वन्द्वात्मक चिन्तनलाई यथार्थमा परिणत गरिदिएको छ ।

बालकृष्णप्रति शङ्खधरको शत्रुतापूर्ण व्यवहार बढेको, बालसखा भएर पनि आफूभन्दा प्रतिभाशाली देखिँदा र आर्थिक वर्ग नमिल्दा अत्तालिएको, पुस्तागत दुस्मन विष्णुभक्त जिम्मावालसँग टक्कर परेको र गाउँको

नेतृत्व लिई विरोधीलाई दबाउनेतीब्र इच्छा जागृत भएको प्रतिष्पर्धा र द्वन्द्वको अवस्थाले अन्तर्वस्तुलाई गतिशील तुल्याएको छ । यो शत्रुलाई कमजोर तुल्याउँदै समाप्त पार्न शासक वा उच्च वर्गले अपनाउने प्रपञ्च पनि हो । बालकृष्ण र दमयन्तीको प्रेम, मध्यरातमा गाउँकै बारबिन्डे चौरमा हुने भेट, समाजमा फैलिएकोकिचकन्या र भूतका किंबदन्तीहरू, दमयन्तीको गर्भ र सम्बन्धको सार्वजनिकीकरण, नन्दनीले शङ्खधरको गर्भ बोकी जन्माएको सन्तानको अनुहार देख्दा पति शिखण्डीले गरेको आत्महत्या जस्ता घटनासन्दर्भले भूतप्रेतका कथाहरू कसरी बन्छन्, विधवासँगको प्रणयप्रेमबाट समाजमा केकस्ताटिप्पणी उठ्छन् अनि परपुरुषसँगको सहवास र गर्भको परिणति के हुन्छ भन्ने सवालहरू उठाई लक्षित वर्गसापेक्ष वस्तुको निर्माण गरेको छ । जहाँ प्रतिबन्ध वा अवरोध छ त्यहाँ अझ बढी विद्रोह र प्रतिकार उत्पन्न हुन्छ । यसरी विरोधी तत्त्वसँगको सङ्घर्षले समाज परिवर्तनको दिशा निर्धारण गरिरहेको तथ्यपूर्ण वस्तुको विन्यास गर्न सकिन्छ ।

शङ्खधरले बालकृष्णको विधवासँगको अनुचित क्रिया र सामाजिक अपराधको व्यहोरासहित श्री ३ समक्ष कारबाहीका लागि निवेदन चढाएको र प्रहरीले उसलाई पशुपति चौकीमा बोलाएको सन्दर्भले अन्तर्वस्तुमा थप सङ्घर्ष सृजना गरेको छ । गिरफ्तारका क्रममा बालकृष्णलाई बाबु, हिन्दुस्थाने, दलितहरूर जिम्मावालले साथ दिँदा द्वन्द्वथप सशक्त हुन्छ ।परिणमतः विवाहपूर्वको गर्भलाई अनैतिक नमानिने शास्त्रीय मान्यता रपतिपत्नीको एकनिष्ठतालाई नैतिकता मान्नुपर्ने तर्क अघि सारी बालकृष्णले विधवा गर्भवती दमयन्तीसँग बिहे गरी उसलेसामाजिक जागरणको उचाइ प्रदान गर्न सफलता प्राप्त गर्छ । यतिबेला यौनले भन्दा मानवीय मूल्यले उच्च स्थान पाएको छ । कूलपूजामा दमयन्ती र बालकृष्णलाई रोक्ने प्रयास विफल हुनु, शङ्खधरको समूह पूजास्थलबाट अलग हुनु, समाज विभक्त हुनु, समाजले दमयन्तीलाई क्रमशः स्वीकार गर्दै जानु, चाँगुनारायणको सम्मानमा दुःखपुरमा हुने खिचडी भोजमाप्रवेश निषेध गर्नु, सार्कीपुत्र अश्विनीको ब्रतबन्ध कर्म असफल तुल्याउन खोज्नु, ब्रतबन्धमा बालकृष्णका बाबुले मन्त्रदान गर्नु जस्ता अग्रगामी कार्य, अन्तर्द्वन्द्वर उत्तरोत्तर सफलताले अन्तर्वस्तुको वर्गीय धरातल थप मजबुत बन्दै गएको छ ।

गाउँमा विफर, हैजा, अनिकाल, खडेरी जस्ता प्रकोप र महामारी फैँलदा चाकरीवाज शङ्खधर भागेर अन्यत्र जान्छ तर बलकृष्ण र अश्विनी समाजसेवामा जुट्छन् । महाराज चन्द्रशमशेरले हरिप्रसाद हात्तीको इसारा नबुझी चितवनमा लावालस्कर लिएर बेलायती राजकुमारको सत्कार गरी फर्कंदा हैजाका किटाणु ल्याएका कारण उपत्यकामा रोग फैलिएको टिप्पणीले मानिसहरूले गर्न थाल्छन् । हैजा रोगको प्रमुख कारण फोहोरमैला र पानी खान नदिने कुपरम्परा हो भन्दै बालकृष्ण र अश्विनीले रातदिन समाजलाई जगाउँछन् । यो सहयोगले गाउँलेको हृदय परिवर्तन हुँदै जान्छ । यस दुःखमा शासक रक्षक नभई भक्षक बन्छ । सामाजिक जीवनमा पीडामात्र छन् भने प्रशासनिक बेथिती चुलिँदो छ । यसरीएकातिर मानवधर्म त्याग्ने राजधर्मप्रति जनतामा वितृष्णा पैदा हुँदै गएको र अर्कातिरनैतिककता, सत्य, न्याय र मानवसेवाले समाजलाई बदल्दै लगेको तथ्य उपन्यासको अन्तर्वस्तुमा सकेटिएको छ ।

विश्व राजनीतिमा उथलपुथल आएको, १९७० को दशकमा चन्द्रशमशेरले सुरक्षालाई थप कडा बनाएको, विश्वयुद्धमा मेसोपोटामियामा लडेर फर्केका नेपाली सैनिकको टुँडीखेलमा अभिनन्दन गरिएको, देशभक्तको दुहाइ दिइएको, आर्य समाजीको आवाज चर्कदै गएको, मकैपर्व जस्ता अभियानमा संलग्न बुद्धिजीवीलाई जेल हाल्ने तथा देश निकाला गरिएको र विरोधी आवाजलाइ दबाउँदै लगिएको सन्दर्भले अन्तर्द्वन्द्वचर्किएको कुरा अन्तर्वस्तुबाट बुझ्न सकिन्छ । यसै क्रममा घोडेजात्रा दर्शनका समयमा गँजडीहरूको

जुवा खालमा भेटेको रामजीको छब्बीस श्लोके महाराज चन्द्रको प्रशस्ती कविता सुनाउने शङ्खघरले महाराजमार्फत् चाकरीमा आमन्त्रण पाउँछ । दरबारमा शङ्खधरको सम्पर्क बढ्नु र जिम्मावालको पदवी पाउनु, बालकृष्णको जातच्यूत र समाज बहिष्कार गरिनु,शासकले दुष्मनलाई कमजोर तुल्याउन उसको आर्थिक सम्बन्ध ध्वस्त पार्ने नीति अपनाउनु, सबैको गहुँबाली थन्किदा बालकृष्णको मात्र बाँकी देखिनु जस्ता कठिन सङ्घर्षका क्षणहरूले उपन्यासभित्र द्वन्द्वलाई सशक्त तुल्याउँदै अन्तर्वस्तुलाई उत्कर्षमा पुऱ्याएका छन् ।

बालकृष्णको गहुँ काटेर घरमा ल्याइनु शासकका लागि भूतको करामत हो भन्ने लाग्छ । पछि उसको मकै लगायतका बालीहरू पनि लगाइन्छन् । शासक भूत पक्रने असफल प्रयासमा लाग्छ । शासक वर्गमा पुरातन मान्यता र जनतामा सङ्गठित एवम् जागरुक चेतना देखापर्न थालिसकेको हुन्छ । बालकृष्णको परिवारलाई आर्थिक रूपमा कमजोर बनाउन नसकेपछि अन्त्यमा शासक देशनिकाला गर्ने निष्कर्षमा पुगेको छ । योशासकीय लाचारी, हीनताबोध र भय अन्तर्वस्तुभित्रको द्वन्द्वात्मक प्रतिचरमोत्कर्ष अवस्था हो ।

सैनिक, गुप्तचर तथा उच्चपदस्तले निगरानी गर्दा पनि बालकृष्णका दैनिक कामहरू निर्बाध सञ्चालन भएको देखी अन्त्यमा चन्द्रशमशेर हार खाएर उसको परिवारलाई राज्यकै खर्चमा काशी निर्वासन पठाउने निष्कर्षमा पुग्छ । भित्र दुःखको अनुभूति भए पनि उक्त परिवार बाहिर सहज, स्वाभाविक र दृढ देखिँदै आफ्नो भूमि छाड्छ । रुवाउन खोज्ने शङ्खधर राजीखुशीले स्वभाविक विदाइ ग्रहण गरिरहेको देख्दा सन्तुष्ट हुन सक्दैन । यसरी विवेकहीन शङ्खधरको प्रभाव दरबारमा बढ्दै जानु तरसुधारवादी विष्णुभक्त शक्तिहीन बन्नु, सामाजिक अभियन्ता बालकृष्णको परिवारप्रति समाज वर्गीय रूपमा एकीकृत हुँदै जानु, बालकृष्ण र अश्विनीको गिरफ्तारी हुनु,अश्विनीप्रति सैनिक यातना बढ्नु, शासक विभिन्न सुधार अभियान चलाई सत्तासंरक्षणको असफल प्रयासमा लाग्नु, समाजका सहयोगीप्रतिको क्रूर व्यवहारले दुःखपुरको आत्मा रुनु तर सत्यको मार्गमा हिँडेकोमा उक्त परिवारले गर्वको अनुभूति गर्नु, निरङ्कुशताको जग हल्लिनु, निम्नवर्गीय एकता थप मजबुत बन्दै जानु जस्ता घटनाले उपन्यासको अन्तर्वस्तु उपसंहृत हुन पुग्छ ।यसरी शासक वर्ग पराजित एवम् असफल मानसिकतामा डुब्दै गएको तर सत्य र न्यायको पक्षमा लाग्ने सुधारक वर्ग निडर एवम् उत्साही भइरहेको निष्कर्षले उपन्यासको अन्तर्वस्तु वर्गीय, द्वन्द्वात्मक, भौतिकवादी एवम् अग्रगामीहुन पुगेको प्रस्ट हुन्छ ।

वैचारिकता

*प्रेतकल्प* परिपक्व द्वन्द्वात्मक भौतिकवादी वैचारिकताका आधारमासंरचित छ । यो इतिहासको तथ्यपरक खोजभन्दा पनि तत्कालीन समाजको वस्तुगत यथार्थ विश्लेषण हो ।यसलाई मूलतः नेपालको राणाकालीन इतिहाससँगजोडिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनासन्दर्भहरू तथा पूर्वी काठमाडौँको आर्थिक, सामाजिक एवम् राजनीतिक नवचेतनाको प्रतिबिम्बनमान्न सकिन्छ । समाज जस्तो थियो त्यस्तै प्रस्तुत गर्ने आकाङ्क्षाले यथार्थ सम्बन्धहरूको सही चित्रण यहाँ भएको छ । यस क्रममा मौसम, खेती र विश्वाससँग जोडिएका भ्रामक विचार र परिवर्तनको दिशालाई यसले उठाएको छ । दुःखपुरबासीमासत्यार्थ प्रकाश पुस्तकसँग सम्बद्ध हुँदै अध्यात्मिक सुधारका माध्यमबाट वर्गीय चेतनाका झिल्काहरू देखिन थालेका प्रसङ्ग यहाँ छ । नारी, दलित र ब्राह्मण कर्मकाण्डवादलाई हेर्ने चिन्तन क्रमशः शक्तिको स्रोत, प्राणीमात्रको आत्मा र दलित जागरणमा रूपान्तरित भएको छ । करिब दुई दशकको समयावधिमा दुःखपुर सत्य र न्याय चिन्ने र भावनात्मक रूपमै भएपनि आफ्नो वर्गलाई साथ दिने अवस्थामा पुगेको छ । यही समाजको गतिशीलता र परिवर्तनलाईउपन्यासले द्वन्द्वात्मक भौतिकवादी वैचारिक धरातलमा उद्घाटित गरेको पाइन्छ ।

वैचारिक अपरिपक्वता, पछौटेपन अनि भ्रमपूर्ण अवस्थाको सामाजिक क्रिया र चेतना जीवनको गतिसँगै फेरिन्छन् । परिवर्तन दृश्य वा अदृश्य दुवै तहमा हुन्छ । प्रत्येक  क्रियाबाट प्रतिक्रिया र त्यसबाट नयाँ चेतनाको जन्म हुन्छ । आर्य समाजी विचारबाट प्रभावित एवम् यथास्थिति विरोधी बालकृष्णका सुधारवादी क्रियाले दुःखपुरमा नारी, दलित र पुराणलाई हेर्ने दृष्टिकोणमा बारम्बार प्रहार गरेपछि एउटा सकारात्मक तरङ्ग ल्याउन थाल्छ । दुःखपुरवासीहरू आलोचक र समर्थक बन्दै अनि सत्यतालाई ग्रहण गर्दै अन्त्यमा भावनात्मक सान्निध्य देखाउन थाल्छन् । समाजले उसको निर्वासनमा शून्यता महसुस गर्नु चेतनामा अएको परिवर्तन नै हो । सत्य र न्याय प्रारम्भिक चरणमा असहाय र कमजोर देखिन्छन् तर तिनको प्रभाव व्यापक र गहन हुन्छ जसकाकारण मानव चेतनाले अग्रगमनको बाटो लिन थाल्छ । त्यो उपयुक्त परिस्थितिमा प्रकट हुन थाल्छ । उपन्यासभित्र समाज परिवर्तनका चरणहरूले यो पुष्टि गरेका छन् । दुःखपुरमा दलितप्रति क्रूर जिम्मावाल कृष्णभक्त पछि सुधार र न्यायको पक्षमा लागी राणाशासकको चाकरी ल्याग्न पुग्छ । उसको छोरो रामभक्तको शासकस्तुति नगर्दा जागिर पजनी हुन्छ । फरक जातकी विधवासँग विवाह गर्ने बालकृष्णले दलित अश्विनीलाई ब्रतबन्ध गरी वैदिक ज्ञान दिँदा समाजले गरेको विरोध समयक्रमसँगै परिवर्तित भई सहज एवम् सहयोगी बन्दै गएको छ । यसरी उपन्यासले समाज परिवर्तनको शूक्ष्म निरीक्षण गर्न भौतिकवादी वैचारिकतालाई आधार बनाएको देखिन्छ ।

राणाकालीन शासक र शासित निमुखा जनताबीचको वर्गीय द्वन्द्वलाई उपन्यासले साङ्केतिक रूपमा प्रस्तुत गरेको छ । शासक आफ्नो सत्ता टिकाउन गाउँगाउँमा जिम्मावाल, मुखिया, तालुकदार आदि खडा गर्थे । आफूलाई धर्म र जनताको रक्षक ईश्वरीय अवतार ठानी जुनसुकै सुधारलाई पनि गाथगादी ताकेको कसुर भिराई दमन र सफायातर्फ उद्दत हुन्थे । यहाँ चन्द्रशमशेर र उसका आदेशपालकहरूले दरबारभित्र र बाहिर चरम अत्याचार गरी शासक एवम् शोषक वर्गको प्रतिनिधित्व गरेका छन् । यसका विरुद्ध सङ्घर्ष गर्ने दयानन्द, माधवराज, बालकृष्ण, कृष्णलाल, शुक्रराज, गङ्गालाल जस्ता महापुरुषहरू शोषित वर्गमा पर्दछन् ।यिनले जनताभित्र विद्रोहको आगो बाल्न थाल्छन् । दुःखपुरमा रोगको महामारी फैलँदा राज्यको उपस्थिति देखिन्न । शासकको विलासी भोजखर्च गाउँलेले उठाउनुपर्छ । चाकडीवाज धूर्त शङ्खधर जिम्मावाल बनाइन्छ ।सुधारवादी बुद्धिजीवीप्रति पशुवत् व्यवहार गरिन्छ । विरोध गर्नु सर्वनाश निम्त्याउनु हो भन्ने त्रास सृजना फैलाइन्छ । सुरुमा विरोधी एवम् आलोचक बनेका दुःखपुरबासीहरूले अन्ततः बालकृष्णलाई खेतीबालीको काममा साथ दिइरहन्छन्र देशनिकालाले मर्माहत हुन्छन् । शासक जनविद्रोह मत्थर पार्न सुधारवादी कार्यक्रम ल्याउन थाल्छ । विद्रोहको त्रासले सताइएको यो वर्ग बालकृष्णको परिवारलाई निर्वासित गरेर पनि ढुक्क हुन सकिरहेको छैन । यिनै सन्दर्भहरूले शासक र शासित वर्गबीचको अन्तर्द्वन्द्व, चेतनाको विकास र सुधार वा परिवर्तनतर्फको गतिशील सामाजिक गतिलाई चिनाएका छन् । यसरी उपन्यासमा द्वन्द्वात्मकता भौतिकवादी वैचारिक मान्यताका आधारमा प्रस्तुत भएको देखिन्छ ।

उपन्यासले सत्ता टिकाउने हतियार बनाउँदै बुनिएका धर्म र पौराणिक भ्रमहरूलाई भत्काउने प्रयास गरेको छ । नारी शक्तिलाई तुच्छ ठान्ने, विधवाप्रति कठोर व्यवहार गर्ने, जातीयताको पर्खाल खडा गर्ने, प्राकृतिक प्रकोपलाई देवता र धर्मसँग जोड्ने, वेदभन्दा पुराण र स्मृतिलाई अगाडि सार्ने, आत्मकेन्द्री बन्ने अनि समाज परिवर्तनको गति रोक्न खोज्ने प्रवृत्तिको यथार्थ प्रस्तुतका क्रममा यहाँ वैदिक सूक्तिहरूलाई आधार बनाइएको छ । आज पनि समाजमा दलित, नारी र विपन्न वर्गलाई होच्याउने, हेप्ने अनि शोषण गर्ने प्रवृत्ति निर्मूल हुन सकेको छैन । ईश्वरले सृष्टिका जड र चेतन दुवैलाई पदार्थहरू प्रदान गरेकोसन्देश दिने वेद सबै ज्ञानको केन्द्र हो, मूल स्रोत हो । यसमाथि सबै प्राणीको समान अधिकार रहन्छ । यही सत्यताको सम्मान नहुनु

आजको दु:खद् यथार्थ हो । यसरी वैदिक चिन्तनलाई भौतिकवादी विचारसँग जोडी उपन्यासले भाग्यवादी र धर्मभीरु वैचारिक सङ्कीर्णता एवम् सांस्कृतिक रूढिको पुनर्व्याख्या सुरु गरेको छ ।

समाजको गतिशीलतालाई रोकेर शासक वर्ग भय, भ्रम, विग्रह र प्रलोभनका चक्रवात सृजना गर्छन् । जडता, यथास्थिति र दासताकै भरमा विश्वलाई स्थिरता र नियन्त्रण कायम गर्न सकिन्छ भन्ने सामन्त वर्गीय संवेग क्रमश: धरमराएको र विद्रोहको आवजलाई निस्तेज पार्न सुरक्षा र गुप्तचर संयन्त्र बलियो तुल्याउँदै लगेको अवस्था उपन्यासमा देख्न सकिन्छ । निरङ्कुश शासकका क्रियाले बालकृष्ण, कृष्णभक्त, रामभक्त, मन्दोदरी, अश्विनी, दमयन्ती, रामकृष्ण, साम्बे सार्की आदि प्रतिनिधि पात्रका जागरुक प्रतिक्रिया जन्मिएका छन् । शासकीय अधर्मका विरुद्ध मानवमा जागृत चेतना यहाँ स्पष्ट अनुभूत हुन्छ । यिनै प्रतिनिधि मानसिकताको द्वन्द्वात्मकताबाट उपन्यासले इतिहासको भौतिकवादी विश्लेषण गरेको छ ।

वर्ग, जाति, लिङ्ग, संस्कार, विश्वास आदिसम्बन्धी विभेदकारी, पुरातन र आडम्बरी नेपाली सामाजिक संरचनालाई आधार बनाई त्यसभित्रको समाजवादी जीवनमूल्य पहिल्याउन उपन्यासले भौतिकता, गतिशीलता, अन्तर्द्वन्द्व, परिवर्तन आदि विचारको साथ लिएको छ । यसरी सामन्तवादविरुद्ध निम्नवर्गीय एकता र जागरणको प्रारम्भिक सङ्केत दिन उपन्यास उद्धत देखिएको छ ।

## *प्रेतकल्प*को रूप पक्ष

सौन्दर्य वा रूप सारवस्तु र विचारलाई ग्राह्य तुल्याउने विशिष्ट तत्त्व हो । यसका संज्ञान, आस्वादन र मूल्याङ्कन गरी तीन पक्ष छन् (चैतन्य, २०६७/३२६) । प्रकृति, मानवजीवन र कलाको परिधिभित्र सौन्दर्यको अस्तित्व खोज्नुपर्ने हुन्छ । यसैले सौन्दर्य अन्तर्वस्तु र विचारलाई कलात्मक संयोजन गर्ने तत्त्वका रूपमा देखा परेको छ । *प्रेतकल्प*भित्रको रूपतत्त्व विशिष्ट, प्रयोगशील एवम् ग्राह्य छ ।इतिहासमा ओझेलमा परेको दु:खपुरको मार्मिक, हृदयस्पर्शी अनि दर्दनाक जीवनबोधमा धरातलीय यथार्थद्रष्टा हजुरबा देखा परेका छन् । कथाकारको टिप्पणीमार्फत्‌यसमा अन्तर्वस्तुलाई गतिशील तुल्याउन संश्लीष्ट यो सन्दर्भले नवीन शैलीको परिचय दिन्छ । वैदिक तथा पौराणिक सूक्ति सन्दर्भहरू प्रतीकात्मक तथ्य हुन् । स्थानीय जनजिब्रोबाट उच्चारित चोखा शब्दोच्चारणमा सजीवता नाचेको छ ।

उपन्यासमा राणाकालीन निरङ्कुशताले उत्पन्न भयजनित अभिघातको वर्णन गरिएको छ । दलित, विधवा, रोगव्याधी आदिप्रतिका धारणा अत्यन्त क्रूर, अमानवीय एवम् भययुक्त छन् । प्रशासनिक तथा सांस्कृतिक भययुक्त अभिघात चिन्तनका आधारमा यस उपन्यासको विवेचना गर्न सकिन्छ (सुवेदी, २०६९/१७) । त्यस्तै पौराणिक, ऐतिहासिक तथा लोकाख्यानिक मान्यतालाई बिम्ब बनाई यस उपन्यासले विमिथकीकरण र स्थापित मूल्यको पुनर्व्याख्या एवम् खण्डन गरी विनिर्माण शैली पनि अपनाएको छ ।

उपन्यासमा निम्नवर्गीय जनताका दैनिकी, चालचलन, अबोधता, विवशता एवम् श्रमशीलताको वर्णनले सुन्दर रूप अनि शासकीय कुटीलता, क्रूरता अनि अत्याचारको चित्रणमा कुरूप रूपको स्वाभाविक प्रयोग भेटिन्छ । निर्दोष प्रेम र स्वार्थी मांसल प्रेमको भिन्नतालाई विभिन्न सन्दर्भहरूले चिनाएका छन् । मानवीय संवेदनाको उचाइ यहाँ भेटिन्छ । समस्यामा मानवता र सद्भाव बढ्छ जसले हृदय र चेतनलाई बदल्दै सामाजिक रूपान्तरणलाई डोऱ्याउँछ भन्ने उदात्त भावलाई उपन्यासले उच्च महत्त्व दिएको छ ।

उपन्यासमा नारीजीवनका भोगाइ सम्झँदा आङ सिरिङ्ग हुन्छ । महामारीको त्रासदीले मुटुकाँप्छ । अज्ञानता र सरलताले दया जागृत हुन्छ । शासकीय अत्याचार र दुष्टहरूको छुद्रतामा दाँत कटकटाउँछन् ।

मानवीय नीचताले थुकथुकी उत्पन्न गराउँछ । चरम अत्याचार सहेर मौन बस्ने तत्कालीन समाजले आश्चर्यको अनुभूति पनि गराउँछ । केही साहसी, ज्ञानी र स्वाभिमानी मानवले हामीमा वीरताको जोश उमार्छन् । भाट, चाकर, गँजडी, भूतप्रेत मान्ने प्रवृत्तिलाई चिनाउँदाहास्यव्यङ्ग्यात्मकता देख्न सकिन्छ । चेतनाको उत्थान र पीडादायी जीवनका क्षणहरू मनोविश्लेषित रूपमा प्रकट भएका छन् । स्पष्ट हुन नसकेका र वैचारिक अलमल सृजना गर्नसक्ने घटनाहरू कथाकारको टिप्पणीमार्फत स्पष्ट भएका छन् । कतै उपन्यासकार आफै समीक्षक बनेर घटनासन्दर्भको विश्लेषण गरिरहेका पनि छन् । नेपाली सांस्कृतिक सन्दर्भ र आर्थिक सम्बन्धलाई पनि कलात्मक रूपमा समेटिएको छ ।

इतिहास प्रसिद्ध अन्तर्वस्तुले यथार्थलाई विश्वसनीय तुल्याउँदै लेखक तटस्थ रहेर पाठकलाई भ्रमित बनाइदिन सक्दछ । प्रस्तुत उपन्यासमा पनि तत्कालीन सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशले ऐतिहासिकताको भ्रम उत्पन्न गराएको छ । विश्वसनीयता सृजना गरेको छ । तैपनि यो ऐतिहासिक उपन्यास होइन । (ढकाल : आभार) । यसमा निम्नवर्गीय पक्षधरता, कुसंस्कारको निर्मूलीकरण, विभेदसमाप्ति अभियान, आदर्शवादविरुद्धको भौतिकवादी चिन्तन अनि जागरणको प्रस्तुतिले तटस्थतावाद विलुप्त भएको छ । धर्मभीरुता र अत्याचारसामु सर्वनाश, देशनिकाला र मृत्युवरणका नायकीय क्रियाले आलोचनात्मकताबढी र इतिहास कम मात्रामा समेटिएको छ । इतिहास प्रतीकात्मकबनाई युगचेतनाको विकासलाई बढावा दिँदा रूप पक्ष थप प्रभावकारी देखिएको हो ।

यसरी अपन्यासले रूपगत वैशिष्ट्यबाट विचार र वस्तुलाई जोड्न प्रभावकारी काम गरेको देखिन्छ ।

## निष्कर्ष

दु:खपुरमा बालकृष्णको आगमन प्रतिकूलताले भरिएको, अँध्यारो, एक्लो र अन्योलतापूर्ण थियो भने बहिगर्मनसँगै त्यहाँ अनुकूलता, उज्यालो, समूह र सुस्पष्टता देखियो । समाज गतिशील, परिवर्तनशील, द्वन्द्वात्मक अनि अग्रगामी हुन्छ भन्ने भौतिकवादी चिन्तन यहाँ प्रकट भएको छ । इतिहास शक्तिशालीको दबावमा लेखिन्छ तर समाज निर्माणमा सक्रिय, त्यागी र सत्मार्गीहरूको इतिहासको गर्भमै लुक्नु दु:खद् हो । शोषितपीडितश्रमजीवीहरूको व्यथा पनि यही हो । जति दमन त्यति नै प्रतिकार र विद्रोह हुन्छ । एउटालाई जेल हाल्दै, मार्दै वा देशनिकाला गर्दैमा शासन अकण्टक रहँदैन । यसैले अन्तरविरोध, सङ्घर्ष र वर्गीयताले निरङ्कुशताका विरुद्ध शक्ति निर्माण गर्छ जुन प्रत्यक्ष नदेखिए पनि अप्रत्यक्ष रूपमा कुनै न कुनै रूपबाट त्यो प्रकट हुन्छ भन्ने प्रगतिवादी चिन्तन नै यस रचनाको निष्कर्ष हो ।

यद्यपि उपन्यासकार यसलाई ऐतिहासिक रचना मान्दैनन् । स्वतन्त्र कल्पना भएपनि इतिहासकालका प्रमुख पात्र वा वातावरणलाई आधारको रूपमा ग्रहण गर्दा त्यसलाई ऐतिहासिक रचना नै मान्नुपर्छ । तर यहाँका घटना, पात्र, परिवेश, चिन्तन र गतिविधिले तत्कालीन समाज, राजनीति र चेतनाको स्तर जीवन्त रूपमा अभिव्यक्त भएको हुँदा इतिहासको धेरै नजिक पुगेको छ । रामकृष्ण र ज्योतिषको भविष्यवाणिलाई सफल तुल्याउँदा, विष्णुभक्तको जीवन र मृत्युलाई आध्यात्मिकताको जलप लगाउँदा, दुष्ट शङ्खधरको पछिल्लो जीवनलाई स्पष्ट नपार्दा अनि चन्द्रशमशेरको पतन सन्दर्भ नजोडिँदा पाठकको अपेक्षाकृत समापन हुन नसकेको अनुभूति हुन्छ । समग्रमा गतिशील अन्तर्वस्तु, भौतिकवादी वैचारिकता र विशिष्ट रूपयुक्त प्रस्तुत उपन्यासले सामाजिक रूपान्तरणको दिशालाई चिनाएको देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


- चापागाइँ निनु, (२०६७), 'साहित्यमा अन्तर्वस्तु र रूपको प्रश्न', *मार्क्सवादी सौन्दर्यशास्त्र,* निनु चापागाइँ (सम्पादक), ललितपुर : साझा प्रकाशन ।
- चैतन्य(२०६७), 'सौन्दर्यचिन्तनका मूल तत्त्वहरू', *मार्क्सवादी सौन्दर्यशास्त्र,*निनु चापागाइँ (सम्पादक), ललितपुर : साझा प्रकाशन ।
- ढकाल नारायण(२०६७), *प्रेतकल्प,* चौ.स., (ललितपुर : साझा प्रकाशन ।
- प्रधान कृष्ण चन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* ते.सं., ललितपुर : साझा प्रकाशन ।
- बराल कृष्णहरि र अन्य (२०५६),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।
- शिवाकोटी गोपाल (२०७६),*विश्वका प्रमुख राजनीतिक विचारधारा,* चौ.सं., काठमाडौं : पैरवी प्रकाशन ।
- सुवेदी केशव २०६९),*समसामयिक नेपाली उपन्यासको अध्ययन,* काठमाडौं : पैरवी प्रकाशन ।